अनुसची - २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सगँ सम्बन्धित)

# कुमाख गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड :** **संख्या :** **स्वीकृत मिति : २०८१/०९/२५ गते**

**प्रमाणिकरण मिति : २०८१/१०/०६ गते**

**भाग-२**

**कुमाख गाउँपालिका**

## कुमाख गाउँपालिकाको गाउँपालिका अनुदान (शिक्षक तथा कर्मचारी ) व्यवस्थापन कार्यविधि, २०८१

**प्रस्तावनाः-**

प्रस्तावनाः- कुमाख गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा हाल कायम रहेका स्थायी, अस्थायी, राहत र शिक्षण सहयोग अनुदान कोटा तथा दरबन्दीहरु अपुग भई विद्यालयको पठनपाठनमा समस्या आएकाले संघीय तथा प्रदेश सरकारबाट दरबन्दी उपलब्ध नहुदासम्म विद्यालयको पठनपाठनमा सहजीकरणका लागि गाउँपालिकाले विद्यालयमा तहगत र विषयगत अनुदान कोटा निर्धारण गरी शिक्षक तथा कर्मचारी अभावको समस्या सामाधान गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ र कुमाख गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित ऐन,२०७५ को दफा ४ बमोजिम कुमाख गाउँकार्यपालिकाले यो कार्यविधि तर्जुमा गरेको छ।

### परिच्छेद- १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(क) यो कार्यविधिको नाम "कुमाख गाउँपालिका अनुदान (शिक्षक तथा कर्मचारी)" व्यवस्थापन कार्यविधि, २०८१

कुमाख गाउँपालिका

रहेको छ।
(ख) यो कार्यविधि कुमाख गाउँपालिकाभर लागू हुनेछ ।
(ग) यो कार्यविधि स्थानीय राजजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

**परिच्छेद -२**
**परिभाषा**

२. विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः
(क) ‘‘गाउँपालिका अध्यक्ष’’ भन्नाले कुमाख गाउँपालिका अध्यक्षलाई बुझाउँदछ ।
(ख) ‘‘गाउँ शिक्षा समिति’’ भन्नाले कुमाख गाउँपालिकामा गठन भएको गाउँ शिक्षा समितिलाई बुझाउँदछ ।
(ग) ‘‘प्रमुख प्रशासकीय अधिकृत’’ भन्नाले कुमाख गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई बुझाउँदछ।
(घ) ‘‘शिक्षा शाखा प्रमुख’’ भन्नाले कुमाख गाउँपालिकाकाको शिक्षा अधिकृत वा शिक्षा शाखा प्रमुखको कामकाजका लागि तोकिएको कर्मचारीलाई बुझाउँदछ ।
(ङ) ‘‘छनौट समिति’’ भन्नाले कुमाख गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने गा.पा.अनुदान कोटामा शिक्षक तथा कर्मचारीहरु छनौटका लागि परिच्छेद-१० बमोजिमको गठित समितिलाई बुझाउँदछ।
(च) "विषय विज्ञ भन्नाले"जिल्ला भरका सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकहरुबाट छनौट भई शिक्षा विकास तथा समन्वय इकाई सल्यान वा गाउँपालकाको विषय विज्ञको सूचीभित्र रहेका शिक्षकलाई सम्झनुपर्दछ।
(छ) ‘‘अनुदान शिक्षक’’ भन्नाले गाउँपालिकाको अनुदानबाट तलव,भत्ता खाने गरी नियुक्त शिक्षक सम्झनु पर्दछ ।
(ज) " प्रारम्भिक बालविकास शिक्षक" भन्नाले चार वर्ष उमेर पूरा भएका वालवालिकालाई कक्षा १ पूर्वको शिक्षा प्रदान गर्ने गरी गाउँपालिका स्रोतबाट तलव, भत्ता खाने गरी नियुक्त शिक्षक सम्झनुपर्दछ।
(झ) ‘‘कर्मचारी’’ भन्नाले विद्यालयमा लेखा सम्बन्धि कामकाज गर्न र विद्यालयको अन्य कामकाज गर्न तोकिएका विद्यालय सहायक र कार्यालय सहयोगीलाई सम्झनुपर्छ ।
(ञ) ‘‘गाउँपालिका अनुदान कोटा’’ भन्नाले गाउँपालिकाले विद्यालयमा शिक्षक तथा कर्मचारी अभाव पुर्ति गर्न विद्यालयमा स्थायी वा अस्थायी दरबन्दी सिर्जना नहुन्जेल सम्मका लागि उपलब्ध गराएको अनुदान कोटा सम्झनुपर्छ ।
(ट) ‘‘गाउँपालिका’’ भन्नाले कुमाख गाउँपालिका सम्झनुपर्दछ ।
(ठ) ‘‘गाउँकार्यपालिका’’ भन्नाले कुमाख गाउँपालिकाको गाउँ कार्यपालिका लाई सम्झनुपर्दछ ।
(ड) ‘‘सामुदायिक विद्यालय’’ भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट नियमित अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्दछ।
(ढ) " विद्यालय व्यवस्थापन समिति" भन्नाले विद्यालयको रेखदेख, व्यवस्थापन र सञ्चालनका लागि गठित समितिलाई बुझाउँदछ।
(ण) "शिक्षा ऐन" भन्नाले नेपाल सरकारको शिक्षा ऐन, २०२८ लाई बुझाउँदछ।

कुमाख गाउँपालिका

(त) “शिक्षा नियमावली” भन्नाले प्रचलित नेपालर सरकारको शिक्षा नियमावली,२०५९ र कुमाख गाउँपालिकाको शिक्षा नियमावली, २०७४ लाईसमेत सम्झनुपर्छ।

**परिच्छेदः ३**

**शिक्षक अनुदान कोटा उपलब्ध गराउने आधारहरु**

३. गाउँपालिकाले विद्यालयहरुलाई गाउँपालिका अनुदानमा शिक्षक तथा कर्मचारी अनुदान कोटा देहाय बमोजिमका आधारमा उपलब्ध गराउनेछ।

(क) विद्यालयमा संचालित तह र विषय,

(ख) विद्यालयमा भएको विद्यार्थी संख्या र विद्यालय सेवा क्षेत्र,

(ग) विद्यालयमा उपलब्ध दरबन्दी संख्या,

(घ) विद्यालयमा सञ्चालित कक्षा,

(ङ) विशेष शिक्षा कक्षा सञ्चालन विद्यालय,

(च) प्रचलित शिक्षा नियमावली २०५९ बमोजिम देहायअनुसार दरबन्दी/ अनुदान कोटा नभएका विद्यालयहरुः

१. बालबिकास केन्द्रमा न्युनतम १ दरबन्दी,

२. कक्षा १-३ संचालित विद्यालयः न्युनतम २ दरबन्दी/अनुदान कोटा,

३. कक्षा १-५ संचालित विद्यालयः न्युनतम ३ दरबन्दी/अनुदान कोटा,

४. कक्षा ६-८ संचालित विद्यालयः न्युनतम ४ दरबन्दी/अनुदान कोटा,

५. कक्षा ९-१० संचालित विद्यालयः न्युनतम ५ दरबन्दी/अनुदान कोटा,

६. कक्षा ११-१२ सञ्चालित विद्यालय न्युनतम २ अनुदान कोटा,

**परिच्छेद- ४**

**शिक्षक नियुक्ति प्रक्रिया**

४. गाउँपालिकाको अनुदान रकमबाट तलव भत्ता खाने गरी शिक्षक/कर्मचारी नियुक्ति गर्दा देहायबमोजिमको प्रक्रिया अवलम्वन गरिनेछ।

(क) शिक्षक दरवन्दी नभएको वा दरवन्दी अपुग भएको विद्यालयमा शिक्षा समितिको सिफारिसको आधारमा गाउँकार्यपालिकाले तहगत र विषयगत गाउँपालिका अनुदान कोटा उपलब्ध गराउँनेछ।

(ख) गाउँपालिकाले व्यहोर्ने गरी विद्यालयगत उपलब्ध गराएको अनुदान कोटामा शिक्षक/कर्मचारी पदपुर्ति गर्दा गाउँपालिकाले शिक्षक सेवा आयोगको प्रक्रिया अवलम्बन गरी खुला विज्ञापन गर्नुपर्नेछ। यसरी गरिएको खुला विज्ञापनको जानकारी गाउँपालकाले गाउँपालिकाको आधिकारिक website,facebook page,सूचना पाटी सम्भव भएमा स्थानीय पत्र -पत्रिका मार्फत सूचना गर्नु पर्नेछ र अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्त फाराम भर्न लगाई शिक्षा, युवा तथा खेलकुद शाखामा सुरक्षित राख्नुपर्नेछ।

(ग) खुला विज्ञापनको म्याद समाप्त भईसकेपछि परीक्षा समय तालिका प्रकाशन गरी आवेदकलाई जानकारी दिनुपर्नेछ।

कुमाख गाउँपालिका

सूचना बमोजिम तोकिएको समयमा परीक्षार्थी सहभागी नभएमा नीजहरुलाई सहभागी गराउन गाउँपालिका बाध्य हुने छैन।

(घ) गाउँपालिकाद्वारा सञ्चालित परीक्षामा सम्मिलित भई सफल उमेदवारहरुलाई नीजहरुको योग्यताक्रमका आधारमा गाउँपालिकाले अनुसूची-३ बमोजिमको ढाँचामा नियुक्ति पत्र र अनुसूची -४ बमोजिमको ढाँचामा पदस्थापना पत्र दिई विद्यालयमा खटाउनु पर्नेछ। योग्गताक्रमका आधारमा खटाउँदा महिला र अपाङगता भएकालाई पहिलो प्राथमिकतामा राखिनेछ । यसरी गाउँपालिबाट खटिएका शिक्षक/कर्मचारीको हाजिर भएको जानकारी सम्बन्धित विद्यालयले हाजिर भएको मितिले १५ दिन भित्र गाउँपालिकामा पेश गर्नु पर्नेछ।

(ङ) सम्बन्धित विद्यालयहरुमा अनुदान कोटा रिक्त भएमा गाउँपालिकाले दुई वा दुई भन्दा बढि वा कुनै एक विद्यालयको मात्र रिक्त पदमा रहेको अनुदान कोटामा विज्ञापन गरी पदपुर्ति गर्न सक्नेछ ।

(च) शिक्षकको विज्ञापन गर्दा आधारभुत तह (कक्षा १-५) को लागि विद्यालयको आवश्यकता र आधारभुत तह ( कक्षा ६-८) तथा माध्यमिक तह ( कक्षा ९-१२) को लागि विषयगत मागलाई समेतलाई ख्याल गर्नुपर्नेछ ।

(छ) कक्षा ६-१२ सम्म शिक्षक नियुक्ति गर्दा क्रमश अंग्रेजी, गणित, विज्ञान,नेपाली र सामाजिक विषयलाई ध्यान दिनु पर्नेछ ।

(ज) शिक्षकको योग्यता शिक्षक सेवा आयोग नियामावली, २०५७(संशोधन) ले निर्धारण गरे बमोजिम हुनेछ ।शिक्षा नियामावली बमोजिमको निर्धारित योग्यता अनुसारको शिक्षक उपलब्ध हुन नसकेमा वा खोलिएको विज्ञापनमा दरखास्त नपरेमा वा परीक्षामा उमेदवार असफल भएमा शिक्षक तथा कर्मचारी पदपूर्ति /छनौट समितिले उपयुक्त कारण देखाई पुनः विज्ञापन आह्वान गर्न सक्नेछ ।

(झ) आधारभुत तह र माध्यमिक तहमा गणित, विज्ञान र अंग्रेजी विषयमा खुला विज्ञापन गर्दा पहिलो पटक १५ दिने र दोस्रो पटक ७ दिने र तेस्रो पटक ३ दिने सूचना प्रकाशन गरी न्युनतम योग्यता र अध्यापन अनुमति प्राप्त व्यक्तिहरुबाट दरखास्त आह्वान गर्नेछ।

(ञ) उपदफा (झ) बमोजिम पहिलो, दोस्रो र तेस्रो पटकसम्म गरिएको विज्ञापनमा तोकिएको योग्यता प्राप्त आवेदकहरुबाट आवेदन नपरेमा विद्यालयको पठनपाठनलाई सहज बनाउन गणित, विज्ञान र अंग्रेजी विषयमा न्युनतम योग्यता पुगेका र एक तहमुनिको अध्यापन अनुमति प्राप्त गरेका व्यक्तिहरुबाट दरखास्त आह्वान गरी गाउँपालिकाले पुनः विज्ञापनद्वारा शिक्षक पदपूर्ति गर्न सक्नेछ ।

(ट) विद्यालय शिक्षक /कर्मचारी विज्ञापन गर्दा पहिलो पटकलाई समावेशी सिद्धान्त अवलम्बन गरिने छ । तर पहिलो पटकको विज्ञापनमा कुनै पनि समावेशी समुह तर्फ उमेदवार सफल हुन नसकेमा वा दरखास्त नपरी पद रिक्त हुन आएमा एकमुष्ट योग्यताक्रमका आधारमा गणना गर्दा तहगत र विषयगत दरबन्दी एकीन गरी वैकल्पिकमा सूची परेका उमेदवारहरुलाई योग्यताक्रमका आधमारमा नियुक्ति तथा पदस्थापना गरिनेछ ।

(ठ) शिक्षक छनौट परीक्षा संचालन गर्दा गाउँपालिकाले शिक्षा विकास तथा समन्वय इकाई सल्यान वा गाउँपालिकाद्धारा प्रकाशित विज्ञहरुको अध्यावधिक सूचीबाट विज्ञहरु छनौट गर्नुपर्नेछ । विज्ञहरुमा सम्भव भएसम्म एक जना महिला सहित दुई जना हुनुपर्नेछ।

(ड) गाउँपालिकाद्वारा खोलिएको विज्ञापनमा सफल उम्मेदवारलाई अनुसूची –२ बमोजिमको ढाँचामा बढीमा ६ महिनाको करार सम्झौता गरी विद्यालयमा खटाउनु पर्नेछ।

कुमाख गाउँपालिका

(ढ) आधारभुत तह कक्षा (६-८) र माध्यमिक तह कक्षा (९-१०) मा सामाजिक विषयको दरखास्त फाराम सम्बन्धमा मूल विषय अंग्रेजी,गणित, विज्ञान, जनसंख्या, अर्थशासत्र, लेखा विषय लिई न्युनतम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त लिन सकिनेछ।

**परिच्छेद- ५**

**उमेदवारको लागि योग्यता**

५. गाउँपालिका अनुदान शिक्षक पदमा नियुक्ति हुन देहायको योग्यता हुनुपर्नेछः

(क) नेपाली नागरिक

(ख) मगज नबिग्रिएको

(ग) अदालतबाट नैतिक पतन हुने गरी फौजदारी अभियोग नलागेको

(घ) न्यूनत्तम शैक्षिक योग्यता हासिल गरेको

(ङ) १८ वर्ष पूरा भई ४० वर्ष नानाघेको

दफा ५ को (ङ) मा जुनसुकै कुरा उल्लेख भएतापनि विद्यालय व्यवस्थापन समितिले निजिस्रोत शिक्षकको रुपमा नियूक्त गरी अविछिन्न रुपमा कार्यरत शिक्षकको हकमा एकपटकलाई उमेरको हद लाग्ने छैन।

**परिच्छेद -६**

**विद्यालयमा शिक्षक तथा कर्मचारी अनुदान रकम निकासा गर्ने प्रक्रिया**

६. विद्यालयमा शिक्षक/ कर्मचारीको अनुदान निकासा गर्दा देहायबमोजिमका प्रक्रिया अपनाइनेछ।

(क) गाउँपालिकाको अनुदानबाट तलबभत्ता व्यहोर्ने गरी नियूक्त शिक्षक/कर्मचारीहरुको अभिलेखीकरण शिक्षा, युवा तथा खेलकुद शाखाले गर्नेछ।

(ख) शिक्षकको त्रैमासिक माग फाराम विद्यालयबाट संकलन गरिनेछ।

(ग) विद्यालयले पेश गरेको माग फारामको रुजु पश्चात विद्यालयको खातामा त्रैमासिक रुपमा प्रति शिक्षक हुन आउने रकम गाउँपालिकाबाट निकासा गरिनेछ। तर कुनै शिक्षकको कार्यसम्पादन सन्तोषजनक नभएमा , लापरबाही गरेमा वा सिकाई उपलब्धिमा सुधार हुन नसकेमा अनुदान निकासा दिन गाउँपालिका बाध्य हुने छैन।

**परिच्छेद -७**

**शिक्षक तथा कर्मचारीको पारिश्रमिक सेवा सुविधा सम्बन्धमा**

७. गाउँपालिका अनुदान कोटामा कार्यरत शिक्षक/कर्मचारीहरुको पारिश्रमिक तथा अन्य सेवा सुविधा गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**परिच्छेद- ८**

**सरुवा सम्बन्धी व्यवस्था**

८. सरुवा प्रक्रिया

(क) कुनै शिक्षक तथा कर्मचारी एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा हुन चाहेमा दुवै विद्यालयको सहमतिसहित गाउँपालिकामा निवेदन दिनुपर्नेछ।

कुमाख गाउँपालिका

(ख) उपदफा (क) बमोजिम आएका निवेदन उपर विचार गरी आवश्यक्ता र औचित्यताका आधारमा गाउँपालिका अन्तर्गतको जुनसुकै विद्यालयमा शिक्षा शाखाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले सरुवा गर्न सक्नेछ ।

(ग)उपदफा (क) र (ख) मा जुनसुकै कुरा उल्लेख भएतापनि कुनै शिक्षक/ कर्मचारीलाई गाउँपालिका अन्तर्गतको एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा नगरी नहुने अवस्था आएमा नीजलाई सरुवा गर्न दुवै विद्यालयको सहमति आवश्यक पर्नेछैन ।

**परिच्छेद- ९**

**गाउँपालिकाको अनुदान रोक्का / बन्द /म्याद थप/सेवाबाट हटाउन सकिने:**

९. देहायको अवस्थामा गाउँपालिकाको अनुदान कोटामा कार्यरत शिक्षक / कर्मचारीलाई सेवाबाट हटाउन सकिनेछः

(क) खटिएको सेवामा लापरबाही गरेको पाईएमा,

(ख) विद्यालयमा राजनैतिक तथा धार्मिक आस्था राखी विद्यालयको वातावरण खल्वल्याउने प्रयास गरेमा,

(ग) विद्यालयमा शिक्षक तथा कर्मचारीले पालना गर्नु पर्ने आचार संहिता पालना नगरेको पाईएमा,

(घ) देहायको अवस्थामा गाउँपालिकाद्धारा विद्यालयलाई उपलब्ध गराउदै आएको अनुदान कोटालाई शिक्षा समितिको सिफारिस र कार्यपालिकाको निर्णय अनुसार कटौती गर्न सकिनेछ ।

१. शिक्षक तथा कर्मचारी दरबन्दी स्थायी रुपमा सिर्जना वा पदपुर्ति भइ आएमा,

२. संघीय वा प्रादेशिक सरकारबाट शिक्षक तथा कर्मचारी ब्यवस्थापनका लागि अनुदान प्राप्त भएमा,

३. विद्यालय मर्ज वा तह  घटुवामा परेमा,

४. प्रचलित शिक्षा ऐन तथा नियमालीमा उल्लेख भएको अवकाश सम्बन्धी व्यवस्था बमोजिम सेवाबाट हटाउन सकिनेछ ।

दफा ९ को उपदफा (क) (ख) (ग)( घ) मा जुनसुकै कुरा उल्लेख भएतापनि  सेवाबाट हटाउनुअघि एकपटकलाई सफाईको मनासिव मौका दिनुपर्नेछ ।

**परिच्छेद -१०**

**शिक्षक /कर्मचारी छनौट समिति**

१०. (क) गाउँपालिका अनुदान शिक्षक/ कर्मचारी छनौट समिति गाउँ शिक्षा नियमावली २०७४ बमोजिम हुनेछ ।

(ख) समितिको बैठक भत्ता, विज्ञहरुको पारिश्रमिक, खाना तथा खाजा लगायतको खर्च गाउँपालिकाले व्यहोर्नु पर्नेछ।

**परिच्छेद-११**

**अनुदान कोटा मिलान तथा विषय परिवर्तन**

११. देहायको अवस्थामा अनुदान कोटा मिलान तथा विषय परिवर्तन गर्न सकिनेछ।

(क)कुनै विद्यालयमा एउटै तह र विषयका दुई भन्दा बढी दरबन्दी वा अनुदान कोटा भएमा त्यस्ता अनुदान कोटालाई विद्यालयको आवश्यक्ता बमोजिम विषय परिवर्तन वा मिलान गर्न सक्नेछ ।

कुमाख गाउँपालिका

**परिच्छेद-१२**

**विविध**

१२. कार्यविधि संशोधनः- यस कार्यविधिलाई आवश्यकता र औचित्यका आधारमा गाउँकार्यपालिकाले संशोधन गर्न सक्नेछ।

१३. यस कार्यविधिमा परेको मानिनेः माथि जुनसुकै कुरा उल्लेख भएतापनि यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि नियूक्त गाउँपालिका अनुदान शिक्षक/ कर्मचारी यसै कार्यविधिमा परेको मानिनेछ।

१४. खारेजी र बचाउः यो कार्यविधि प्रचलित कानुनसँग बाझिएमा वा बाझिएको हकमा अमान्य हुनेछ।

आज्ञाले
दिलिप कुमार सोनी
प्रमुख प्रशासकीय अधिकृत

कुम्राख गाउँपालिका

अनुसूची-१

(परिच्छेद-४ को उपदफा (ख) सँग सम्बन्धित)

कुमाख गाउँकार्यपालिकाको कार्यालय

रागेचौर , सल्यान

गाउँपालिका अनुदान शिक्षक/कर्मचारी पदको खुला प्रतियोगितात्मक परीक्षाको दरखास्त फाराम

परीक्षा दिन चाहेको तह, श्रेणी ,समावेशी समूह र विज्ञापन नम्बरः

तहः

विषयः

पदः

वि.नं

१.खुला २.महिला

३.आदिवासी / जनजाती ४.अपाङ्गता

५.दलित

१.व्यक्तिगत विवरण सम्वन्धीः

उम्मेदवारको नाम थर (देवनागरीमा):

(अंग्रेजी ठूलो अक्षरमा): लिङ्गः

नागरिकता नः जारी गरेको जिल्लाः जारी मितिः

स्थायी अध्यापन अनुमति पत्र नं. तहः

स्थायी ठेगाना जिल्लाः गा.पा./न.पा. वडा नं.

टोलः फोन नं.

पत्राचार गर्ने ठेगाना ईमेलः

बाबुको नाम, थरः आमाको नाम,थरः

बाजेको नाम,थरः पति/पत्नीको नाम ,थरः

(जन्म मिति................ साल ... महिना...... गते): वि.स.मा ई.स.मा.

दरखास्त दिने अन्तिम मिति सम्मको उमेरः वर्षः महिनाः दिनः

२.न्यूनतम योग्यता सम्वन्धी विवरण ( सम्वन्धित तहको लागि आवश्यक शैक्षिक योग्यता मात्र उल्लेख गर्ने)

क्र.सं.

अध्ययन गरेको संस्थाको नाम र ठेगाना

उतिर्ण गरेको कुल प्राप्तांक

प्रतिशत

मुख्य विषयहरु

उतिर्ण गरेको साल श्रेणी

कुमाख गाउँपालिका

३.दश महिना वा सो भन्दा माथिको तालिमको विवरण क्र.सं.
तालिम दिने संस्थाको नाम र ठेगाना
तालिमको नाम
श्रेणी
प्रतिशत तालिमको अवधि देखि सम्म
४.अनुदान शिक्षक पदको खुला परीक्षाको लागि राजश्व (परीक्षा दस्तुर) वापतको रकम ................/-गाउँपालिकाको राजश्व शाखामा जम्मा गरेको रसिद र दरखास्त फाराम साथ संलग्न कागजातहरुको फोटोकपिमा सक्कल बमोजिम नक्कल ठिक छ भनि दस्तखत गरि थान ......यसै साथ पेश गरेको छु ।
५. यसै दरखास्तमा उल्लेख गरेका सम्पूर्ण विवरणहरु सत्य छन् । उम्मेदवारका लागि दिइएको निर्देशन मैले राम्ररी पढेको छु र म ती शर्तहरु पालन गर्न मञ्जुर गर्दछु । लेखिएको विवरण झुठा ठहरिएमा कानुन बमोजिम सहुँला बुझाउँला।

ल्याप्चे सहिछाप
उम्मेदवारको दस्तखत

मिति.................

कुमाख गाउँपालिका

प्रवेश- पत्र

फोटो

परीक्षार्थीले भर्ने

उम्मेद्वारको नामथर.........................

तह / श्रेणी.............................

विज्ञापन नं.............................

समावेशी समुह उल्लेख गर्ने

१ २ ३ ४ ५

परीक्षा दिने विषयः.........................

स्थायी ठेगाना............................

परीक्षार्थीको दस्तखत.....................

गाउँपालिकाको कर्मचारीले भर्नेः

यस गाउँपालिकाबाट मिति......................... मा लिइने प्रतियोगितात्मक खुला परीक्षामा तपाईलाई सम्मलित हुन अनुमति दिइएको छ विज्ञापनमा तोकिएको शर्त नपुगेमा जुनसुकै अवस्थामा पनि यो प्रवेश पत्र रद्द हुनेछ।

स्थानीय तह.................

परीक्षा केन्द्र....................

रोल्नं.........................

दस्तखत..................

परीक्षार्थीले पालना गर्नुपर्ने नियमहरुः-

१. परीक्षार्थीले परीक्षा दिन आउदा प्रवेश परीक्षा अनिवार्य ल्याउनुपर्नेछ।

२. प्रवेश पत्रविना परीक्षा भवनमा बस्न दिइने छैन।

३. परीक्षा हलमा मोबाक्षल फोन ल्याउन पाइने छैन।

४. लिखित परीक्षा उतिर्ण हुनेले अन्तवार्ता हुने दिनमा प्रवेश पत्र अनिवार्य रुपमा ल्याउनु पर्नेछ।

५. दरखास्त फाराममा लेखिएको तह /श्रेणी/ विषयमा मात्र सम्लित भई परीक्षा दिनुपर्नेछ।

६. वस्तुगत परीक्षा उतिर्ण नहुने परीक्षार्थी विषयगत द्वितिय चरणको परीक्षामा सहभागि हुन पाउने छैन।

७. नाम रोल्नं आदी विवरण लेखेको ठिक पृष्ठमा लेख्नु हुदैन।

८. गाउँपालिकाले तोकेको परीक्षा केन्द्र बाहेक अन्य केन्द्रमा परीक्षा दिन पाईने छैन।

९. परीक्षामा सिसाकलम प्रयोग गर्न पाईने छैन।

१०. परीक्षा सुरु हुनुभन्दा ३० मिनेट अघि जनाउ घण्टी बजेपछि परीक्षा हलभित्र प्रवेश गरी सक्नुपर्नेछ। परीक्षा सुरु भएको आधा घण्टापछि आउने परीक्षार्थीलाई परीक्षा हलमा प्रवेश गर्न दिइने छैन।

११. परीक्षा सुरु भएको एक घण्टा व्यतित नभएसम्म परीक्षा भवन बाहिर जान पाइने छैन।

१२. परीक्षा भवनमा किताब, कापी, चिट वा अन्य कागज, मोबाइल लैजाना र आपसमा कुराकानी /संकेत गर्न पाईने छैन।

१३. आफूलाई चिनाउने कुनै संकेत, फोनं, मोबाइल नं आदी उत्तरपुस्तिकामा लेख्न पाइने छैन।

१४. परीक्षा भवनमा अनुचित काम गरेमा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ।

१५. गाउँपालिकाको प्रकाशित विज्ञापन र सूचना बाहेक परीक्षा हुनेछैन।

अनुसूची – २

करार सम्झौता  (परिच्छेद -४ को उपदफा (ड) सँग सम्बन्धित)

कुमाख गाउँपालिका ,गाउँकार्यपालिकाको कार्यालय ,(यसपछि पहिलो पक्ष भनिएको ) र सल्यान जिल्ला , ....................गाउँपालिका , वडा नं. .....बस्ने श्री .........(यस पछि द्रोस्रो पक्ष भनिएको ) बिच  कुमाख गाउँपालिकाको ............................................विद्यालयमा खटिई शिक्षण पेसामा आबद्ध हुन मिति …………को निर्णय अनुसार देहायका  कार्य / शर्तको अधिनमा रही दोस्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करार सेवाको सम्झौता गरी एक /एक प्रति आपसमा बुझि लियौं /दियौः

१.शिक्षण पेशामा आवद्ध सम्बन्धमाः दोस्रो पक्षले आफूलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकता अनुसार थप काम गर्नु पर्नेछ ।

२.काम गर्नु पर्ने स्थानः  कुमाख गाउँपालिका अन्तर्गतका विद्यालयहरु ।

३. करारमा शिक्षण गरे बापत पाउने पारिश्रमिकः प्रत्येक महिना व्यतित भए पछि मासिक रु ………. का दरले विद्याल यको खातामा  त्रैमासिक निकासा गरिने,

४.आचारसंहिता पालनाः दोस्रो पक्षले शिक्षा एन, नियमावलीमा भएको प्रचलित कानुनी व्यवस्था भएको आचार संहिता तथा विद्यालय व्वस्थापन समितिले बनाएका थप आचारसंहिताहरुको अनिवार्य पालना गर्नु पर्नेछ।

५.विदाः दोस्रो पक्षलाई सार्वजनिक विदा र भैपरी/ पर्व विदा बापतको ६/६ दिन गरी बार्षिक विदा १२ दिन बाहेक अन्य कुनै विदा उपलब्ध हुनेछेन।

६.विद्यालयको सम्पतिको सुरक्षाः दोस्रो पक्षले विद्यालयको चल,अचल सम्पतिको नोक्सानी वा हिनामिना गरेमा कानुन बमोजिम सजाय दिने दायित्व पहिलो पक्षको हुनेछ।

७ गोपिनियताःदोस्रो पक्षले विद्यालयको कागजात , जिन्सी सामान एवं कागजात कुने अनधिकृत व्यक्तलाई उपलब्ध गराएको प्रमाणित भएमा वा गोपिनियता भंग भएमा  दोस्रो पक्षलाई करार बाट हटाई प्रचलित कानूनी व्यवस्था अनुसार कारवाही गर्ने दायित्व पहिलो पक्षको हुनेछ।

८.करार अवधिःयो करार २०/……../………. देखि २०/………/………. सम्मका लागि हुनेछ।

९.पारिश्रमिक कट्टी र करार सेवाको शर्त अन्त्यःदोस्रो पक्षले पहिलो पक्षलाई लगातार ७( सात) दिन भन्दा बढी  उक्त सेवा उपलब्ध नगराएमा, विदा स्वीकृत नगरराई विद्यालयमा अनुपस्थित भएमा सो अवधिको पारिश्रमिक मासिक तलव बाट कट्टा गरी निकासा गरिनेछ साथै कार्यसम्पादन सन्तोषजनक नभएमा, लापरवाही गरेमा वा अनुशासनहीन कार्य गरेमा दोस्रो पक्ष सँगको सम्झौता पहिलो पक्षले जुन सुकै बखत रद्ध गरी नीजको सट्टामा अर्को व्यक्ति करारमा नियुक्तिका लागि विज्ञापन गर्न कुनै बाधा पर्ने छैन।

१०.दावी नपुग्नेः दोस्रो पक्षले यस करार बमोजिम काम गरेके आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि कुनै पनि दाबी गर्न पाउने छैन/गर्ने छैन।

११.प्रचलित कानुन लागू हुनेः यस सम्झौतामा उल्लेख नभएका कुरा प्रचलित नेपाल कानुन बमोजिम  र यस  कुमाख गाउँपालिकाको अनुदान (शिक्षक तथा कर्मचारी) व्यवस्थापन कर्यविधि, २०८१ बमोजिम हुनेछ।

पहिलो पक्ष

..................

...................

हस्ताक्षरः

नाम थरः

पदः

मितिः

कार्यालयको छापः

दोस्रो पक्ष

हस्ताक्षर

नाम थरः

ठेगानाः

मितिः

कुमाख गाउँपालिका

अनुसुची-३

नियुक्ति पत्रको ढाँचा ( परिच्छेद- ४ को उपदफा (घ) सँग सम्बन्धित)

मितिः

विषयः

श्री.....................................

..........................................

प्रस्तुत विषयमा विद्यालयमा हाजिर भएको मितिदेखि कुमाख गाउँपालिकाको अनुदान ( शिक्षक तथा कर्मचारी) व्यवस्थापन कार्यविधि, २०८१ को परिच्छेद -७ को दफा (७) मा उल्लेखित पारिश्रमिक तथा अन्य सुविधा पाउने गरी तपाईलाई देहाय बमोजिम अस्थायी /करार पदमा नियुक्ति गरिएको छ।

प्रचलित ऐन, नियम र गाउँपालिका स्वीकृत कार्यविधि भित्र रही तोकिएको जिम्मेवारी उच्च मनोबलका साथ कुशलतापूर्वक बहन गर्नुहुनेछ भन्ने अपेक्षा गरिएको छ।

अस्थायी/ करार नियुक्ति गरिएकोः

पदः ..........

तहः...........

विषयः..........

किसिमः- गाउँपालिका अनुदान

विद्यालयको नामः...........................

गरिमामय शिक्षक/कर्मचारी पदमा नियुक्ति हुनु भएकोमा हार्दिक बधाई छ।

..................

वोधार्थः

१.श्री आर्थिक प्रशासन शाखा कुमाख गाउँपालिका, सल्यान

२.श्री ......................... विद्यालय

कुमाख गाउँपालिका

अनुसुची-४

पदस्थापना पत्रको ढाँचा ( परिच्छेद-४ को उपदफा (घ) सँग सम्बन्धित)

मितिः

विषयः

श्री......................................

..........................................

प्रस्तुत विषयमा  कुमाख गाउँपालिकाको गाउँपालिका अनुदान ( शिक्षक तथा कर्मचारी)  व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम यस गाउँपालिकाको निर्णय अनुसार तपाईलाई तपपशिलको विद्यालयमा पदस्थापना गरिएको छ।

तपशिलः

पदस्थापना गरिएको विद्यालयको नामः

ठेगानाः

पदः

तहः

किसिमः

विषयः

................

**आज्ञाले,**
**दिलिप कुमार सोनी**
**प्रमुख प्रशासकीय अधिकृत**

कुमाख गाउँपालिका